# केन्द्रीय कानून पुस्तकालय

## रानीपोखरी, काठमाडौं

## आ.व. २०८२।०८३को तीन महिना

## (२०८२ माघ  देखि २०८२ चैत्र मसान्त सम्म)

**यस पुस्तकालयले सम्पादन गरेका कार्यहरूको प्रगति विबरण सूचनाको हक सम्बन्धी ऐन, २०६४को दफा ५को उपदफा (३)को प्रयोजनको लागि प्रत्येक ३/३ महिनामा अध्यावधिक गरी स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था अनुसार यहि मिति २०८२ माघ १ देखि २०८२ चैत्र मसान्त सम्म सम्पादित कामको बिवरण यस पुस्तकालयको** website: cll.gov.np **मा सवैको निमित्त सार्वजनिक गरिएको जानकारी ।**

### १. पुस्तकालयको संक्षिप्त परिचयः

कानून विषयको अध्ययन अनुसन्धानको निमित्त उपयुक्त सार्वजनिक पुस्तकालय नभएको, आन्तरिक प्रयोजनका लागि स्थापना गरिएका संस्थागत पुस्तकालय जस्तै मन्त्रालयहरूका पुस्तकालय, अदालतका पुस्तकालय, महान्यायाधिवक्ताको पुस्तकालय, नेपाल बारका पुस्तकालय आदीमा बिद्यार्थी तथा कानूनका अध्येताहरूको सहज रूपमा पहुँच नपुग्ने भएकोले कानून अध्ययन, अनुसन्धानको निमित्त केन्द्रीय स्तरको सार्वजनिक पुस्तकालयको आवश्यकता महशूस गरी सर्वोच्च अदालतको समेत अग्रसरतामा केन्द्रीय कानून पुस्तकालयको स्थापना गरिएको हो ।

नेपाल सरकारले विकास समिति ऐन २०१३ ले दिएको अधिकार प्रयोग गरी जारी गरेको केन्द्रीय कानून पुस्तकालय विकास समिति गठन आदेश २०५२ बाट केन्द्रीय कानून पुस्तकालयको स्थापना तथा सञ्चालन गरिएको हो । पुस्तकालय सञ्चालनको लागि आवश्यक पर्ने पूर्वाधार तथा भौतिक संरचना, कर्मचारी तथा प्रशासनिक खर्च नेपाल सरकारबाट उपलब्ध हुँदै आएकोछ । साथै पुस्तकालयलाई विभिन्न संघ, संस्थाबाट समेत पुस्तकहरू सहयोग स्वरूप प्राप्त हुने गरेको छ ।

विकास समिति गठन आदेशमा व्यवस्था भए बमोजिम केन्द्रीय कानून पुस्तकालय विकास समितिको सञ्चालन गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, सर्वोच्च अदालतका रजिष्ट्रार, महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता, शिक्षा मन्त्रालयका सहसचिव, नेपाल वार एसोसिएसनका अध्यक्ष, त्रिभुवन विश्वविद्यालयको कानून संकायका डीन सदस्य र पुस्तकालय प्रमुख सचिव रहेको समिति रहने व्यवस्था गरिएको छ ।

पुस्तकालयको गठन आदेशमा व्यवस्था भएबमोजिम स्वदेश तथा विदेशबाट प्रकाशित भएका कानून विषयका पुस्तक, अदालतका फैसलाहरू, पत्रपत्रिका र टिपोट आदिको संकलन गर्ने, व्यवस्थित गर्ने लगायतका कार्यहरू यस पुस्तकालयले गर्दै आईरहेको छ। यसका अलावा पुस्तकालयलाई आवश्यक पुस्तक तथा अन्य सामाग्रीहरू प्राप्त गर्ने कार्य समेत पुस्तकालयले गर्दै आएको छ ।

पुस्तकालयमा कानून विषयका १८,६६९ भन्दा बढी पुस्तकहरू रहेका छन् । यो कानून विषयको एक मात्र विशिष्टिकृत सार्वजनिक पुस्तकालय भएकोले विशेषगरी यहाँबाट कानून बिषयका स्नातक, स्नातकोत्तर, तथा विद्यावारिधि अध्ययन गर्ने हजारौ विद्यार्थीहरूले सहज रूपमा सेवा पाईरहेका छन् ।

यसका अलावा विभिन्न अदालतका न्यायाधीशहरू, वकिल तथा कानून विषयका प्राध्यापकहरू समेतलाई यस पुस्तकालयले अध्ययन अनुसन्धानको निमित्त पाठ्य सामाग्री तथा अन्य सेवाहरू उपलब्ध गराई सहयोग पुऱ्याउदै आएको छ । आ.व. २०८१।०८२मा यस पुस्तकालयबाट २५,५२७ जना पुस्तकालय प्रयोगकर्ताले सेवा प्राप्त गरेका छन् ।

## २. मुख्य कार्यहरू

१ पुस्तकालयको विकास सम्बन्धमा नीति निर्धारण गर्ने ।

२ पुस्तकालयको सुधार, विस्तार र सेवाको स्तर वृद्धिगर्न आवश्यक श्रोत र साधनको खोजि गर्ने ।

३ नेपाल प्रकाशित कानूनका पुस्तक, पत्रपत्रिका टिपोट आदिको संकलन गर्ने ।

४ नेपाल बाहिरबाट प्रकाशित कानूनको दृष्टिले महत्वपूर्ण मानिएका पुस्तक, विभिन्न अदालतबाट भएका फैसला तथा पत्रपत्रिकाहरूको संकलन गर्ने

५ पुस्तकालयको विकासको लागि विभिन्न पुस्तकालयहरूसंग समन्वय राखि काम गर्ने

६ नेपाल सरकारको स्वीकृती लिई विदेशी संघ, संस्था एवं व्यक्तिहरूबाट पुस्तक, पत्रिका लगायत पुस्तकालयकोलागि आवश्यक सामाग्रिहरू प्राप्त गर्ने ।

७ पुस्तकालय विकास सम्बन्धि अन्य कार्यहरू गर्ने गराउने ।

## ३. सांगठनिक संरचना

केन्द्रीय कानून पुस्तकालय विकास समिति
(बोर्ड)
⇓
पुस्तकालय प्रमुख
⇓
कर्मचारीहरू

## ४. दरवन्दी

पुस्तकालय प्रमुख- १ (अधिकृत द्वितीय (करार सेवा)

पुस्तकालय अधिकृत-१ (अधिकृत तृतीय)

पुस्तकालय सहायक- २ (सहायक प्रथम)

लेखापाल -१ (सहायक प्रथम)

सहायक कम्प्युटर अपरेटर-१ (सहायक द्वितीय)

काउन्टर सहायक-१ (सहायक द्वितीय) (करार सेवा)

हलुका सवारी चालक –१

कार्यालय सहयोगी -२ (करार सेवा)

## ५. पुस्तकालयबाट प्रदान गरिने सेवाहरू

१. पुस्तक तथा अध्ययन सामाग्री सेवा

२. सन्दर्भ सेवा

३. पाठक सहायता सेवा

४. फोटोकपि सेवा

५. इन्टरनेट सेवा

६. विद्युतीय पुस्तकालय सेवा

७. Online catalogue

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

१. फोटोकपि सेवा प्रति पेज रू. २ दुवै तर्फ रू. ३

२. विद्युतीय पुस्तकालय सेवा

दैनिक रू. ५०।- , मासिक रू.४००।-

त्रैमासिक रू.१,०००।-, अर्धबार्षिक रू.२,०००।-

बार्षिक रू. ३,६००।-

३. प्रिन्टिङ्ग सेवा रू.५।- दुवै तर्फ रू.७

४. पुस्तकालयका अन्य सेवाहरू निशुल्क रूपमा उपलब्ध छन् ।

## ७. सेवा प्राप्त गर्न लाग्ने अवधी

तत्काल उपलब्ध हुने

## ८. सम्पादन गरेका कामको विबरण

१. पुस्तकालयले २०८२ माघ १ देखि २०८२ चैत्र मसान्त सम्ममा ५,८५० पाठकहरूलाई सेवा पुर्याएको छ भने आ.व.२०८१।०८२ मा पुस्तकालयलबाट २५,५२७-जना पुस्तकालय प्रयोगकर्ताले सेवा प्राप्त गरेका छन् । पुस्तकालयमा हाल एक पटकमा करिव १५० प्रयोगकर्ताहरूलाई सेवा पुऱ्याउन सक्ने क्षमता छ ।

२. पुस्तकालयले २०८२ माघ १ देखि २०८२ चैत्र मसान्त सम्म ९५ पुस्तक खरिद गरेको र यसै अवधिमा विभिन्न ब्यक्ति तथा संस्थाबाट २ थान पुस्तक उपहार स्वररूप प्राप्त गरेको छ । आ.व. ०८२।०८३को चैत्र मसान्त सम्ममा पुस्तकालयलाई ८ थान पुस्तक उपहार स्वरूप प्राप्त भएको छ भने पुस्तकालयले १५९ थान पुस्तकहरू खरिद गरेको छ ।

३. पुस्तकालय व्यवस्थापन सम्बन्धी कम्प्युटर सफ्टवेयर (KOHA) तथा CLL LMS दुबै Software प्रयोग गरी पुस्तकालयमा भएका पुस्तकहरूको Online Public Access Catalogue तयार गरीएको छ । उक्त क्याटलगमा आ.व. २०८२।०८३को चैत्र मसान्त सम्ममा १५,९५९ पुस्तकहरू सूचिकृत भएका छन् ।

४. यसैगरी पुस्तकालयमा D-Space Software को प्रयोग गरी Thesis लगायतका Full Text Document समेत offline access गर्न सकिने व्यवस्था मिलाइएको छ । यसमा हाल त्रिभुवन विश्वविद्यालय, कानून संकायबाट प्राप्त भएका ११ थान विद्यावारिधिका शोधपत्रहरू हेर्न सकिन्छ ।

५. श्री कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको पहलमा A2J परियोजना मार्फत एक थान सर्भर Computer का साथै ९ थान Computer Monitor, एक थान Desktop Computer तथा अन्य Networking का सामान सहित इ-पुस्तकालयलाई Upgrade गरिएको छ ।

६. पुस्तकालयमा A2J परियोजनाको सहयोगमा RFID security gate Install गरी करिब ८,५०० थान पुस्तकमा RFID Tape तथा बारकोड लगाइएको छ । यसबाट पुस्तकको सुरक्षा प्रभावकारी भएको छ। यसका साथै पुस्तकालयमा KIOSK Electronic Display Monitor समेत राखिएको छ जसमा पाठकले आफ्नो आवश्यकता अनुसार सूचना आफैं खोजी गर्न सक्दछन् ।

७. चालु आ.व.को चैत्र मसान्त सम्ममा पुस्तकालयमा आवश्यक सिसौको काठबाट बनेका २५ थान तथा मेटल कुर्सी ४७ थान खरिद गरिएको ।

८. पुस्तकालय भवनको पछाडी पट्टिको खाली जग्गामा सरसफाई गरी इन्टरलक ब्लक विच्छ्याउनका साथै बगैचा तथा शौचालय समेत निर्माण गरिएको ।

९. पुस्तकालयको माथिल्लो तलामा आवश्यक फर्निचर तथा फर्निसिंको व्यवस्था गरी अध्ययन कक्षको निर्माण गरिएको ।

## ९. प्रमुख र सूचना अधिकारीको नाम र पद

पुस्तकालय प्रमुख श्री केन्द्रा फोम्बो कार्यालय प्रमुख रहेको यस पुस्तकालयको सूचना अधिकारीको रूपमा पुस्तकालय सहायक श्री स्वराज पोखरेल तोकिनु भएको छ ।

## १०. ऐन, नियम सूचि

१. केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश, २०५२
२. केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) (पहिलो संसोधन) आदेश, २०७३
३. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) नियमावली, २०५७
४. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (पहिलो संसोधन) नियमावली, २०७०
५. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (दोस्रो संसोधन) नियमावली, २०७३
६. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (तेस्रो संसोधन) नियमावली, २०७५
७. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (चौथो संसोधन) नियमावली, २०७५
८. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (पाचौं संसोधन) नियमावली, २०७८

# ११.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी बिवरण

म.ले.प.फानं.१३

नेपाल सरकार
केन्द्रीय कानून पुस्तकालय
रानीपोखरी, काठमाडौं
खर्चको फाँटवारी
आ.व. २०८२/०८३ . माघ महिना

| यो महिनाको खर्च | २०८२साल....... सम्म निकासा | बजेट रकम नं. | हिसाबको नाम | बजेट रकम (वार्षिक) | २०८२साल....... देखि.... .सम्मको खर्च | बाँकी |
|---|---|---|---|---|---|---|
| – | ४३,०१,६६०। | २११११ | तलब | ४३,०१,६६०। | २३,०७,१५८। | १९,९४,५०२। |
| – | ८०,०००। | २११२१ | पोशाक | ८०,०००। | – | ८०,०००। |
| – | ३,००,०००। | २११३२ | महंगी भत्ता | ३,००,०००। | १,५०,०००। | १,५०,०००। |
| – | १०,०००। | २११३५ | प्रोत्साहन तथा पुरस्कार | १०,०००। | – | १०,०००। |
| २०,०००। | १,०४,५००। | २११४१ | बैठक भत्ता | १,०४,५००। | ६४,५००। | ४०,०००। |
| २०,५३५। | २,७६,०००। | २२१११ | पानी बिजुली महसुल | २,७६,०००। | १,४३,१४५। | १,३२,८५५। |
| – | ९४,०००। | २२११२ | सञ्चार महसुल | ९४,०००। | – | ९४,०००। |
| ११,४१०। | १,२७,५८८। | २२२१२ | इन्धन | १,२७,५८८। | ७०,५३८। | ५७,०५०। |
| – | १,५०,०००। | २२२१३ | सवारी साधन मर्मत खर्च | १,५०,०००। | ७४,३३०। | ७५,६७०। |
| – | २४,२०५। | २२२१४ | बिमा तथा नविकरण खर्च | २४,२०५। | २४,२०५। | × |
| – | ५०,०००। | २२२९१ | सञ्चालन तथा मर्मत संभार खर्च | ५०,०००। | ३५,६३०। | १४,३७०। |
| – | १,०५,०००। | २२३११ | मसलन्द तथा कार्यालय सम्बन्धी खर्च | १,०५,०००। | ४०,५८२। | ६४,४१८। |
| – | ९,००,०००। | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | ९,००,०००। | ३,१६,९०९। | ५,८३,०९१। |
| – | २०,०००। | २२४११ | सेवा र परामर्श खर्च | २०,०००। | – | २०,०००। |
| – | ९०,०००। | २२४१२ | सूचना प्रणाली तथा सप्टवेयर सञ्चालन खर्च | ९०,०००। | – | ९०,०००। |
| ५,०००। | ४,८५,७०७। | २२४१३ | करार सेवा शुल्क | ४,८५,७०७। | ३,२७,४७४। | १,५८,२३३। |
| – | | २२५२३ | बिशेष कार्यकम खर्च | | – | |
| १२,५१५। | १,५०,०००। | २२७११ | विविध खर्च | १,५०,०००। | ८२,०६०। | ६७,९४०। |
| – | १०,००,०००। | २७३१० | सेवा निबृत्त सुविधाहरु | १०,००,०००। | – | १०,००,०००। |
| – | ९,४५,०९२। | ३१११२ | भवन तथा संरचना (गैह्र आवासीय भवन निर्माण खरिद) | ९,४५,०९२। | ६,९९,४५४। | २,४५,६३८। |
| – | १,३१,३४०। | ३११२२ | मेसिनरी तथा औजार | १,३१,३४०। | – | १,३१३,४०। |
| – | ६,५४,९०८। | ३११२३ | फर्निचर तथा फिक्चर्स | ६,५४,९०८। | ५,५४,९०८। | १,००,०००। |
| ६९,४६०। | १,००,००,०००। | | जम्मा | १,००,००,०००। | ४८,९०,८९३। | ५१,०९,१०७। |

कोषको व्यवस्था:-

मिति. २०८२।१०।३० बैकको नाम. राष्ट्रिय वाणिज्य बैक, थापाथली बैंक खाता नं.१४३०१००००२४८५००१

जम्मा जम्मी निकासा ५०००००० ।-

जम्मा जम्मी खर्च ४८९०८९३ ।-

बाँकी १०९१०७ ।-

फर्छिन बाँकी पेश्की:- ×

पेश्की कटाई बाँकी खर्च :- ×

नगद मौज्दात जाँच गर्दा ठिक छ भनी सही गर्ने

पेश गर्ने:- Prestha

दर्जा :- (लेखापाल )

बैंक मौज्दात :-

तहबिलमा मौज्दात :-

ठिक छ भनी सही गर्ने:-

सदर गर्ने :- [signature]

दर्जा :- ( पुस्तकालय प्रमुख )

नेपाल सरकार
केन्द्रीय कानून पुस्तकालय
रानीपोखरी, काठमाडौं

# खर्चको फाँटवारी

आ.व. २०८२/०८३ . फाल्गुन र चैत्र महिना

| यो महिनाको खर्च | २०८२साल...... सम्म निकासा | बजेट रकम नं. | हिसाबको नाम | बजेट रकम (वार्षिक) | २०८२साल...... देखि.... सम्मको खर्च | बाँकी |
|---|---|---|---|---|---|---|
| ९,९७,२५१। | ४३,०१,६६०। | २१११ | तलब | ४३,०१,६६०। | ३३,०४,४०९। | ९,९७,२५१। |
| ८०,०००। | ८०,०००। | २११२१ | पोशाक | ८०,०००। | ८०,०००। | × |
| ७५,०००। | ३,००,०००। | २११३२ | महंगी भत्ता | ३,००,०००। | २,२५,०००। | ७५,०००। |
| – | १०,०००। | २११३५ | प्रोत्साहन तथा पुरस्कार | १०,०००। | – | १०,०००। |
| १७,५००। | १,०४,५००। | २११४१ | बैठक भत्ता | १,०४,५००। | ८२,०००। | २२,५००। |
| ४१,७००। | २,७६,०००। | २२१११ | पानी बिजुली महसुल | २,७६,०००। | १,८४,८४५। | ९१,१५५। |
| – | ९४,०००। | २२११२ | सञ्चार महसुल | ९४,०००। | – | ९४,०००। |
| २१,९१०। | १,२७,५८८। | २२२१२ | इन्धन | १,२७,५८८। | ९२,४४८। | ३५,१४०। |
| – | १,५०,०००। | २२२१३ | सवारी साधन मर्मत खर्च | १,५०,०००। | ७४,३३०। | ७५,६७०। |
| – | २४,२०५। | २२२१४ | बिमा तथा नविकरण खर्च | २४,२०५। | २४,२०५। | × |
| ५००। | ५०,०००। | २२२९१ | सञ्चालन तथा मर्मत संभार खर्च | ५०,०००। | ३६,१३०। | १३,८७०। |
| ७,६००। | १,०५,०००। | २२३११ | मसलन्द तथा कार्यालय सम्बन्धी खर्च | १,०५,०००। | ४८,१८२। | ५६,८१८। |
| ३,०८,३००। | ९,००,०००। | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | ९,००,०००। | ६,२५,२०९। | २,७४,७९१। |
| – | २०,०००। | २२४११ | सेवा र परामर्श खर्च | २०,०००। | – | २०,०००। |
| – | ९०,०००। | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ९०,०००। | – | ९०,०००। |
| १,०३,७४६। | ४,८५,७०७। | २२४१३ | करार सेवा शुल्क | ४,८५,७०७। | ४,३१,२२०। | ५४,४८७। |
| – | – | २२५२३ | बिशेष कार्यक्रम खर्च | – | – | – |
| ३१,०३५। | १,५०,०००। | २२७११ | विविध खर्च | १,५०,०००। | १,१३,०९५। | ३६,९०५। |
| १०,००,०००। | १०,००,०००। | २७३१० | सेवा निबृत्त सुविधाहरु | १०,००,०००। | १०,००,०००। | × |
| २,४५,६३८। | ९,४५,०९२। | ३१११२ | भवन तथा संरचना (गैह्र आवासीय भवन निर्माण खरिद) | ९,४५,०९२। | ९,४५,०९२। | × |
| १८,०००। | १,३१,३४०। | ३११२२ | मेसिनरी तथा औजार | १,३१,३४०। | १८,०००। | १,१३,३४०। |
| ६४,६३६। | ६,५४,९०८। | ३११२३ | फर्निचर तथा फिक्चर्स | ६,५४,९०८। | ६,१९,५४४। | ३५,३६४। |
| ३०,१२,८१६। | १,००,००,०००। | | जम्मा | १,००,००,०००। | ७९,०३,७०९। | २०,९६,२९१। |

कोषको व्यवस्था:-

मिति. २०८२।१२।२०
बैकको नाम. राष्ट्रिय वाणिज्य बैक, थापाथली
बैंक खाता नं.१४३०१००००२४८५००१

जम्मा जम्मी निकासा १०००००००।-
जम्मा जम्मी खर्च ७९०३७०९।-
बाँकी २०९६२९१।-
फर्छिन बाँकी पेश्की:- ×
पेश्की कटाई बाँकी खर्च :- ×
नगद मौज्दात जाँच गर्दा ठिक छ भनी सही गर्ने

पेश गर्ने:- Prestha
दर्जा :- (लेखापाल )

बैंक मौज्दात :-
तहबिलमा मौज्दात :-

ठिक छ भनी सही गर्ने:-
सदर गर्ने :-

दर्जा :- ( पुस्तकालय प्रमुख )